# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

## प्रेस विज्ञप्ति

**महालेखापरीक्षकको ६० औं प्रतिवेदनका संक्षिप्त व्यहोरा सम्माननिय प्रधानमन्त्रीज्यू समक्ष प्रस्तुत गरिएको ।**

आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको ६० औं प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष २०७९।१२।३० मा पेश भई सकेको छ । आज मिति २०८०/१/२० गते सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूको उपस्थीतिमा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवारमा आयोजित एक कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणी शर्मा, दंगालले महालेखापरीक्षकको ६०औं वार्षिक प्रतिवेदनका मूख्य-मूख्य विषयहरु प्रस्तुत गर्नुभयो। उक्त प्रतिवेदनमा समावेश संघ, प्रदेश र स्थानीयतहको लेखापरीक्षण गरिएको निकायहरुको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता, भविष्यमा गर्नुपर्ने सुधारका विषयहरु समेत समेटिएका छन।सो कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव, सचिवहरु, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र महालेखापरीक्षकको कार्यालयका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले लेखापरीक्षण कार्य समयमै सम्पन्न गरी प्रतिवेदन दिन सक्षम भएकोमा महालेखापरीक्षक एवं महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्नुभयो। यस्तै महालेखापरीक्षकले निष्पक्षता एवं स्वतन्त्रतापूर्वक काम सम्पन्न गरी प्रतिवेदन दिएको अनुभूति भएको, आर्थिक प्रशासन तथा वित्तीय सुशासन, विकास र समृद्धिको आधारशिला रहेको, लेखापरीक्षण प्रतिवेदनले विकासको स्तर छर्लङ्ग भएको, लेखापरीक्षण प्रतिवेदनले औंल्याएका त्रुटि कमजोरीहरु उपर समयमै सम्बोधन गरी सच्याउनु पर्ने, आर्थिक कारोवार गर्दा बेरुजु आउनै नदिने गरी कारोवार गर्नुपर्ने, खर्च गर्ने दक्षता वृद्धि गर्नुपर्ने, बेरुजु फस्यौंटलाई नेपाल सरकारका मन्त्रालयहरु, निकायहरु तथा महालेखापरीक्षकको कार्यालय समेतको संयुक्त प्रयासमा अभियानको रुपमा अगाडी बढाउनु पर्ने, बेरुजु फस्यौंटलाई कर्मचारीको कार्यसम्पादनसँग आबद्ध गर्नुपर्ने लगायतका महत्वपूर्ण निर्देशन तथा सुझावहरु समेत दिनुभयो ।

यसैगरी उक्त कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री शंकर दास बैरागीले महालेखापरीक्षकको प्रतिवेदन वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता मापन गर्ने औजार रहेको, नेपाल सरकारका निकायहरुको खर्च गर्ने क्षमता न्यून रहेको र खर्च भएको रकममा पनि अनियमितता देखिनु गम्भिर विषय रहेको, बेरुजु फस्यौंट तथा सम्परीक्षणमा थप तदारुकता देखाउनु पर्ने आवश्यकता रहेको र प्रतिवेदनमा औंल्याइएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिई कार्यान्वयन गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

२०८० बैशाख २० गते बुधबार

(रवीन्द्र प्रसाद देवकोटा)
प्रवक्ता/ नायब महालेखापरीक्षक



Scanned with CamScanner